# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।२३ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

जिल्ला रुपन्देही, बसन्तपुर गाउँपालिका वडा नं. ४ स्थायी वतन भई हाल जिल्ला स्याङजा वालिङ नगरपालिका वडा नं. ८ बस्ने जहरुदिन तेलीले वडा प्रहरी कार्यालय वालिङ, स्याङजाका कार्यालय प्रमुख प्रहरी निरीक्षक आफ्नै कार्यकक्षमा कामकाज गरी बसिरहेको अवस्थामा कार्यक्षमा आई गोरु व्यापार गर्न सहयोग गर्नुपर्‍यो भन्दै रु.१५,०००।–(पन्ध्र हजार) दिएकोमा तत्काल निज जहरुदिन तेलीलाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय वालिङ स्याङजाको पत्रसाथ अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उक्त रकमसहित दाखिला हुन आएको हुँदा सो सम्बन्धमा थप अनुसन्धानको लागि नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा जहरुदिन तेलीले गोरु व्यापारमा सहयोग गरिदिन भनी वडा प्रहरी कार्यालय वालिङ, स्याङजाका प्रहरी निरीक्षकलाई घुस/रिसवत दिएको पुष्टि भएको हुनाले निज जहरुदिन तेलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको देखिंदा निजलाई बिगो रु. १५,०००।— (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी घुस/रिसवत बापत दिएको बिगो रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुनसमेत मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला